बैठक संख्या : ५८
मिति ०७६/०७/०३ गते आईतबार
समय : दिनको २.०० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष-१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष-२ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष-३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष-४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष-५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष-६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष-७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष-८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष-९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष-१० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष-११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष-१२ |
| श्री किरण माझी | वडाअध्यक्ष-१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष-१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य सचिव |

**निर्णय नं. १ :-** आर्थिक वर्ष ०७६।०७७ को प्रथम त्रैमासिकको आय- व्यय छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** कमलामाई नगरपालिका वडा नं. ९ भिमानमा वसपार्क निर्माणको लागि क्षेत्र एकिन गर्नकोलागि सम्वन्धीत वडाले क्षेत्र एकिन गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** जिल्ला आर्युर्वेद स्वास्थ्य केन्द, सिन्धुलीको नयाँ भवन निर्माणकोलागि उक्त आयुर्वेद स्वास्थ्य केन्द्रले भोग चलन गरी रहेको कमलामाई नगरपालिका -७ स्थित पुरानो भवन रहेको स्थानको ०-५-०-० क्षेत्रफल को जग्गा जिल्ला आर्युर्वेद स्वास्थ्य केन्द्र सिन्धुलीलाई उपभोग गर्ने गरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** आर्थिक वर्ष ०७६।०७७ मा समपुरक कोष र विशेष अनुदान सम्वन्धी तपसिलमा उल्लेखित अनुसार कार्यक्रम छनौट गरि संघमा पठाउने निर्णय गरियो ।

| सि.न | कार्यक्रमको नाम | श्रोत | रकम |
|---|---|---|---|
| १ | पानी टयांकी - वर्देउटार सडक स्तरन्नोती वडा नं.७ | समपुरक कोष | एक करोड |
| २ | रातमाटेडाडा - सिलामे सडक स्तरोन्नती वडा नं. ५ र १ | समपुरक कोष | एक करोड |
| ३ | ढुङ्गेवास - हिरापानी सडक वडा नं. ४ | समपुरक कोष | एक करोड |
| ४ | माईस्थान - तिनतले - सर्लाही सडक स्तरोन्नती वडा नं. ८ | समपुरक कोष | एक करोड |
| ५ | विद्युत विस्तार | समपुरक कोष | एक करोड |
| ६ | सिन्धुलीगढि पूर्वाधार विकास | समपुरक कोष | एक करोड |
| ७ | युवास्वरोजगार कार्यक्रम | समपुरक कोष | एक करोड |
| ८ | नदि नियन्त्रण तटवन्धन कार्यक्रम | समपुरक कोष | एक करोड |
| ९ | फोहोरमैला व्यवास्थापन | समपुरक कोष | पचास लाख |
| १० | कृषि तथा पशु विकास कार्यक्रम | समपुरक कोष | तिस लाख |
| ११ | वधशाला निर्माण | समपुरक कोष | तिस लाख |
| | | | |
| | विशेष अनुदान कार्यक्रम अन्तरगत | | |
| १ | भुई कटहर क.न.पा.१ र ८ | विशेष अनुदान | एक करोड |
| २ | अदुवा कफि क.न.पा.२ | विशेष अनुदान | एक करोड |
| ३ | स्वास्थ्य चौकी वडा नं. ११, ७ , २ र १० | विशेष अनुदान | चार करोड |
| ४ | जलकन्या उच्च माध्यमिक विद्यालय वडा नं. ३ | विशेष अनुदान | एक करोड |
| ५ | वेलटार शिखर माध्यमिक विद्याजय वडा नं.१ | विशेष अनुदान | एक करोड |
| ६ | कालिका माध्यमिक विद्यालय वडा नं. ७ | विशेष अनुदान | एक करोड |
| ७ | जनजागृति उच्च माध्यमिक विद्यालय वडा नं. ९ | विशेष अनुदान | एक करोड |
| ८ | प्रगतिशिल माध्यमिक विद्यालय वडा न. १० | विशेष अनुदान | एक करोड |
| ९ | दुघ गाडी खरिद वडा नं ९ र १० | विशेष अनुदान | पचास लाख |
| १० | खानेपानी योजना वडा नं.९ | विशेष अनुदान | एक करोड |
| ११ | खानेपानीयोजना वडा नं.१० | विशेष अनुदान | एक करोड |
| १२ | दामे गढि भद्रकाली ढुग्रभन्ज्याङ्ग र चियावारी खा.पा. वडा नं २ | विशेष अनुदान | एक करोड |

**निर्णय नं. ५ :-** कमलामाई नगरपालिका क्षेत्र भित्र कृषकहरुले लगाएको धान फौजी किराहरुले दिन प्रति दिन नष्ट गर्दै गएको हुँदा नियन्त्रणको लागि विपद व्यावस्थापन कोष वाट रु १५००००।- को किटनाशक रासायानिक ( साईपर मेशरिन , इमामेक्टीन वेन्जोस्ट) तत्काल छोटो प्रकृयाबाट खरिद गर्ने र वडाको प्राविधिक मार्फत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** चालु आर्थिक वर्ष ०७६/०७७ मा वडाबाट संचालित योजनाहरु कात्तिक मसान्त भित्र उपभोक्ता समिति गठन गरि वैशाख मसान्त भित्र कार्य सम्पन्न र फरफारक गरि अन्तिम भुक्तानी लिने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** आर्थिक वर्ष ०७६/०७७ मा आन्तरिक आय तर्फ ढुंङ्गा, गिट्टी र वालुवा ठेक्का वन्दोवस्त को लागि २ पटक सुचना प्रकाशन गर्दा पनि कुनै बोलपत्रहरु नपरेको हुँदा IEE प्रतिवेन अनुसार चदाहा खोला वाहेक प्रत्येक खोलाको IEE परिमाण अनुसार छुट्टा ,छुट्टै प्याकेज वनाई १५ दिने सुचना प्रकाशन गरि ठेक्का वन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** ऐतिहासिक सिन्धुली गढि विजय उत्सवका अवसरमा २०७६ साल कात्तिक २० देखि २५ गते समम सिन्धुली गढीमा प्रवेश शुल्क नलिने र कात्तिक महिनाको अन्य वाकि दिनहरुमा लिई रहेको प्रवेश शुल्क मा ५०% छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** ऐतिहासिक सिन्धुलीगढि विजयोत्सव, २०७६ कात्तिक २४ गतेलाई भव्यरुपमा मनाउनको लागि मान्नीय रक्षा मन्त्रि, पर्यटन मन्त्रि तथा प्रधान सेनापति लगायतका विशिष्ट व्यक्तिहरुलाई आमन्त्रण गर्ने र कार्यक्रमको सम्पूर्ण व्यवास्थापन मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० :-** कमलामाई नगरपालिका वाट चालु आर्थिक वर्षमा आन्तरिक आय अन्तरगत निकासी कर ठेक्का वन्दोवस्त गर्नको लागि न्यूनतम अकं रु.१५ लाख (कर वाहेक) कायम हुने गरि ठेक्का वन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-** नेपाली नारीहरुको महान चाड हरितालिका तिज पर्वको अवसरमा कमलामाई नगरपालिकाले आयोजना गरिको तिज विशेष कार्यक्रममा वडा कार्यालयवाट पेश भएको विल अनुसार र कार्यपालिका वाट भएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-** घ वर्गको इजाजत प्रमाण - पत्र पाउ भनि पेश भएको प्रमाण अनुसार भुमिका एण्ड निर्माण सेवा प्रा.ली -२ र खयरमारा कन्स्ट्रक्शन प्रा.ली -८ लाई 'घ' वर्गको ईजाजत प्रमाण -पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. १३ :-** कमलामाई नगरपालिका वडा नं. ६ स्थित नगरपालिकाको स्वामित्वमा रहेको साविक जिल्ला प्रशासन कार्यालय बसेको भवन मर्मत गरि क्वाटर मा प्रयोग गर्ने र कमलामाई नगरपालिका वाट शिक्षा उप-सचिव र लेखा अधिकृतलाई गत बर्ष उपलव्ध गराए सरहको भाडा रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४ :-** विभिन्न व्यक्तिहरुले घर वहाल कर लगत कट्टा गर्न निवेदन पेश गरेकोमा टोली खटाई स्थलगत रुपमा अनुगमन गर्न थप टोली खटाई अनुगमन गर्नको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५ :-** कमलामाई -३ चपौलीमा १०० वाटको एफ.एम. "सिन्धुली आवाज रेडियो" संचालनका लागि गर्न संचार तथा सूचना प्रविधि मन्त्रालयवाट ९४.७ मेगाहर्ज को फ्रिक्वोईन्सी प्राप्त भएकोले रु.२५०००।- दर्ता शुल्क लिई एफ.एम रेडियो व्यावस्थापन तथा संचालन कार्यविधि,२०७४ बमोजिम इजाजत प्रमाण -पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. १६ :-** एफ.एम रेडियो व्यावस्थापन तथा संचालन कार्यविधि ,२०७४ मा एफ.एम.रेडियो समन्वय तथा अनुगमन समितिमा कार्यपालिका सदस्य मध्येवाट श्री खडग प्रसाद चौलागाई र श्री शिव कुमारी रायमाझि लाई सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :-** कमलामाई नगरपालिका क्षेत्रभित्र रहेको ढुङ्गेवास एरिया र धुरा वजारको सिरान देखि धरान चतरा सडक क्षेत्रको आसपास हुदै मिलनचोक क्षेत्र एरियालाई सहरीक्षेत्र तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :-** कमलामाई नगरपालिकामा कार्यरत पशु तथा कृषि क्षेत्र मा कार्यरत प्राविधिक हरुलाई १ महिनाको तलव बराबर चाडपर्व खर्च उपलब्ध गराउने र कृषि तथा पशु सेवाको लागी आवश्यक न्यूनतम सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९ :-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को मिति २०७६।०६।१४ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त आयोगको निर्णय प्रस्तुत भई जानकारी भयो ।

**निर्णय नं. २० :-** क.न.पा.२ स्थित जन जागृति मा.वि.निबुवाटारको जग्गा खरिद गर्न फुटकर खर्च शिर्षकबाट २ नं.वडा कार्यालयको बजेटमा थप १३ लाख उपलब्ध गराउने र जग्गा खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१ :-** मिति ०७६ कार्तिक १५ देखि ०७७ आषाढ १५ गते सम्म कमलामाई नगरपालिकाको कारागार देखि चियाबारी सम्म ग्वाङखोला भित्र सवारी साधन धुन रोक लगाउने र १ नं. बजार, २ नं.बजार र धुरा बजार मझुटार र ढुंग्रेवासमा गठन भएका टोल सुधार समितिलाई ग्वाङखोला सरसर्फाइमा सक्रिय गराउने निर्णय गरियो ।

**निर्णय नं. २२ :-** गम्भिर प्रकृतिका रोगहरु (मुटु, क्यान्सर, मिर्गौला आदि) का रोगीहरुलाई अस्पतालवाट प्रमाणित कागजात बमोजिम रोगको गमिभरताकोआधारमा नगर प्रमुखवाट रु.१००००। दस हजार सम्म उपलब्ध गराउन सकने र सो भन्दा माथि दिनु पर्ने भएमा कार्यपालिकाको बैठकबाट निर्णय गराई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो र हाल कार्यालयमा आर्थिक सहायताको लागि प्राप्त निवेदन वमोजिम निम्न अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

क) वुद्धिमान माझि क.न.पा.-१ रु.३००००।-

ख) मनमाया माझि वडा नं - ६ रु.३००००।-

**निर्णय नं. २३ :-** कमलामाई नगरपालिका वडा नं. ६ को २ नं वजार स्थित भिमसेन मन्दिर निर्माणको लागि रु.१००००००। दश लाख फुटकर पुजिगत शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :-** दैवी प्रकोप तर्फ आगजानी र चटयाङ वाट भौतिक क्षति गएका व्यक्तिहरुलाई वडा कार्यालयको सिफारिसमा नगर प्रमुख द्धारा क्षतिको अवस्था अनुसार रु.७०००।- सम्म आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २५ :-** ईलाका प्रहरी कार्यालय, भिमानको भवन निर्माणको लागि रु.५०००००।- फुटकर शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं. २६ :-** सिद्धज्योति शिक्षा क्याम्पस फोस्रेटार भवन तथा कक्षा कोठाहरुको रंग रोगनको लागि रु.५०००००।- फुटकर पुजिगत शिर्षकवाट दिने निर्णय गरियो ।

**निर्णय नं. २७ :-** कार्यपालिका वाट मिति २०७६।४।२२ गते निर्णय नं. १० मा भएको सडकहरु र थप डाढी रिङ्ग रोड निर्माण वडा नं. १ समेत डि.पि.आर निर्माण गर्न प्रक्रिया अगाढि वढाउने निर्णय गरियो

**निर्णय नं. २८ :-** चालु आर्थिक वर्षमा सवारी साधन खरिदको लागि विनियोजन वजेट वाट एक वोलेरो खरिद गर्ने, सो को लागि रकम नपुग भएमा फुटकर पुजिगत शिर्षकवाट व्यहोर्ने गरि निर्णय गरियो ।

**निर्णय नं. २९ :-** नेवा संस्था द्धारा संचालित वेसारे-दोभान खा.पा. क.न.पा.-११ लाई लाई म्याचिङ फण्डवाट रु.१०००००।- (एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३० :- कमलामाई नगरपालिका वडा नं.१० को पशु सेवा केन्द्रमा कार्यरत कार्यालय सहयोगी श्री पवित्रा थापालाई १ महिनाको तलव वरावर चाडपर्व खंर्च उपलब्ध गराउने निर्णय गरियो ।

(५८७१०८४)

निर्णय नं. ६ मा सिन्धुली गढी उत्सव कात्तिक २४ गते मनाउने निर्णयमा मेरो असहमति छ किनकि सिन्धुली गढी बिजय असोज १५ गते मनाउनु पर्छ।

महेन्द्र प्र० ढकाल वडा नं. ४ अध्यक्ष